मिति: २०८३ भाद्र १८ गते

आर्थिक वर्ष २०८३/८४ को दोस्रो कार्यपालिका बैठकका निर्णयहरु:

१. रसुवा जिल्लाको भोटेकोशी नदीमा यहि मिति २०८३ साल भाद्र १० गते भएको विनाशकारी बाढीका कारण भएको ठुलो क्षतिप्रति साँफेबगर नगरपालिका अछाम अत्यन्तै मर्माहित एवं दु:खीत भएको छ। उक्त प्राकृतिक विपदका कारण ज्यान गुमाउनु भएका सम्पूर्ण मृतकहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं। साथै बाढिबाट वेपत्ता हुनुभएका साँफेबगर नगरपालिका वडा नं. ०६, भागेश्वर निवासी ३६ वर्षिय जागेश्वर शर्मा लगायत वेपत्ता सबैको सकुशल भेटको कामना गर्दै घाइते हुनुभएका सम्पूर्ण व्यक्तिहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं। विपदको दु:खद् घडीमा प्रभावित नागरिहरूको खोज, उद्धार, राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले देहाय बमोजिमको रकम विपद सहायता उपलब्ध गराउने।

देहाय :-

| क्र.स. | विवरण | रकम रू. |
|---|---|---|
| १ | नगर प्रमुख र नगरउपप्रमुखबाट रु. ८००० ।- का दरले | १,४९,०००।- |
| | वडा अध्यक्षहरुबाट रु. ५०००।- का दरले | |
| | कार्यपालिका सदस्यहरुबाट रु. २०००।- का दरले | |
| | वडा सदस्यहरुबाट रु. १०००।- का दरले | |
| २ | अधिकृतस्तरका कर्मचारी तथा माध्यमिक तहका शिक्षकहरुको ७ दिनको तलव | ३७,४९,७००।४३ |
| | सहायक चौथो र पाँचौ तहमा कार्यरत कर्मचारीहरु तथा आधारभूत तहका शिक्षकहरुको ५ दिनको तलव | |
| | करार, सहजकर्ता, बालविकास सहजकर्ता तथा श्रेणीविहीन कर्मचारीहरुको २ दिन, | |
| ३ | नगर विपद् व्यवस्थापन कोषबाट | १,११,१११।- |
| | **जम्मा** | ४०,०९,८११।४३ |

२. साँफेबगर साँफेबगर नगरपालिकाको शैक्षणिक स्रोत व्यक्ति तथा विद्यालय छनौट सम्बन्धी निर्देशिका २०८३ तथा "साँफेबगर नगरपालिकाको शैक्षणिक स्रोत व्यक्ति छनौट तथा परिचालन कार्यविधि, २०८३" बमोजिम छनौट भई नियुक्तिका लागि सिफारिस हुनुभएका साँफेबगर नगरपालिका वडा नं. २, अछाम निवासी श्री भानुभक्त उपाध्यायलाई शैक्षणिक स्रोत व्यक्ति (PRP) पदमा नियुक्ति गर्ने ।

३. चालु आ.व.२०८३/८४ को साँफेबगर नगरपालिकाको विस्तृत कार्यक्रम कार्यान्वयन योजना (Detailed Implementation Plan) लाई स्वीकृत गरी कार्यान्वयन गर्ने।

४. आ.व. २०८२/०८३ को नगरपालिकाको समग्र संस्थागत कार्यसम्पादन स्तर मापनका लागि नेपाल सरकारद्वारा तयार पारिएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को एकीकृत प्रारम्भिक प्रतिवेदनमा आवश्यक सुझावसहित स्वीकृत गरी अन्तिम प्रतिवेदन भाद्र मसान्तसम्म जिल्ला समन्वय समितिमा पठाउने।

५. देहायका कानून तथा कार्यविधिको संशोधन प्रस्ताव स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने।

क. अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७६

ख. साँफेबगर नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५

६. साँफेबगर नगरपालिका र अन्तर्गतका निकायमा सेवा करारमा कार्यरत कर्मचारीहरुको करार सम्झौताहरूको म्याद २०८३ पौष मसान्तसम्म थप गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

७. साँफेबगर नगरपालिकाबाट स्वीकृत IEE प्रतिवेदन बमोजिम बुढिगंगा नदी क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन तथा विक्री सम्बन्धी बोलपत्र आह्वान गर्ने।

८. सुर्यचन्द्र मा. वि. तला थप, तुका मा. वि भवन निर्माण तथा दमकल खरिद सम्बन्धी कार्य सम्पन्न नभएकोले कार्य प्रगतिका आधारमा ठेक्काको म्याद ३ महिना थप गर्ने।

९. आस्था नेपाल सँगको सहकार्यमा भाद्र २५ गते नगरपालिकामा अपाङ्गता पहिचान,परिचयपत्र वितरण तथा कानुनी सहायता शिविर सञ्चालन गर्ने।

१०. २०८३ सालको ६२ औं राष्ट्रिय बाल दिवस स्थानीय स्तरमा सञ्चालित गैरसरकारी संस्थाहरूसँगको सहकार्यमा विविध कार्यक्रम गरी मनाउने।

११. भूउपयोग वर्गीकरण सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा भूमिको अधिकतम उपयोग गरेर उत्पादकत्व वृद्धि गर्न साँफेबगर नगरपालिकामा भूमि बैङ्क स्थापना गर्न भूमि बैङ्क सञ्चालन कार्यविधि, २०८३ को दफा ५ को उपदफा (१) बमोजिम भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई स्वीकृतिका लागि लेखि पठाउने।

१२. बयलपाटा प्रादेशिक अस्पताल, वयलपाटा अछामका लागि नगरसभाबाट विनियोजित रकमबाट आवश्यक उपकरण तथा औषधि खरिदका लागि अस्पतालसँग सम्झौता गरी रकम निकासा गर्ने व्यवस्था गर्ने।

साँफेबगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँफेबगर, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत